कम्पनीले आफ्नो जारी पुँजी रु. १,५६,८०,२७,०००/- (अक्षरेपी एक अर्ब छ्यानब्बे करोड असी लाख सत्ताई हजार रुपैया मात्र) को २०% अर्थात् ३५,३६,०५४ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरण माफंत जारी पुँजीको १०% अर्थात रु. १४,६८,०२,७००/- (अक्षरेपी उन्नाईस करोड अठसाठी लाख दुई हजार सात सय रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका १४,६८,०२७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको निमित्त तपशिल बमोजिम धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७७ को बासिन्दाहरुलाई रही निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पुँजीको १०% अर्थात रु. १४,६८,०२,७००/- (अक्षरेपी उन्नाईस करोड अठसट्ठी लाख दुई हजार सात सय रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १४,६८,०२७ कित्ता शेयरमध्ये ३५,३६१ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र ५८,४०१ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १८,३०,२६५ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

उद्योग प्रभावित क्षेत्र	छुट्टाइएको प्रतिशत (%)	छुट्टाइएको शेयर संख्या	पुँजी रकम (रु)
नुवाकोट जिल्ला			
अति प्रभावित क्षेत्र (पञ्चकन्या गा.पा. वडा नं ४ (साविकको धप्रेक गाविस) र तादी गा.पा. वडा नं २, ३ र ४ (साविक रालुकादेवीर सुन्दरादेवी गाविस)	४०	८३,७४६	८,३७४,६००
प्रभावित क्षेत्र : तादी गा.पा., पञ्चकन्या गा.पा., लिखु गा.पा.	६०	१२४,६१९	१२,४६१,९००
जम्मा (क)		२०९,३६५	२०,९३६,५००
म्याग्दी जिल्ला			
अति प्रभावित क्षेत्र (अन्नपूर्ण गा.पा. वडा नं ४ (साविकको नारच्याङ्ग गाविस))	४०	७०३,४६५	७०,३४६,४८०
प्रभावित क्षेत्र : अन्नपूर्ण गा.पा. म्याग्दी	६०	१,०४५,१९७	१०४,५१९,७२०
जम्मा (ख)		१,७५८,६६२	१७५,८६६,२००
जम्मा उद्योग प्रभावित क्षेत्रको बासिन्दाको लागि छुट्टाइएको (क+ख)		१,९६८,०२७	१९६,८०२,७००

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति : २०७७/०३/२५ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७७/०३/२८ गते

(१) संस्थाको नाम : माउण्टेन इनर्जी नेपाल लिमिटेड **(Mountain Energy Nepal Ltd.)**

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको हो सङ्गठन : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(३) संस्थाको रजिष्ट्रार्ड ठेगाना: यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय कालान्माण्डौ जिल्ला काम.पा.पा. वडा. नं. ३०, डिल्लीबजार, कालन्माडौमा रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्थीकृती लिई अन्य शाखाँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(४) जलविद्युत केन्द्र: यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र नुवाकोट जिल्लाको साविक सुन्दरादेवी, रालुकादेवी र धप्रेक गाबिस र म्याग्दी जिल्लाको नारच्याङ्ग गाबिस मा रहेको छ ।

(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

कम्पनीको स्थापनाकाल देखि हालसम्मको/संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले गठी क्षेत्रका उद्यमीहरु मिलेर यस माउण्टेन इनर्जी नेपाल लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ साल जेष्ठ ३० गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई काराबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा यस विद्युत आयोजना विकास समितिका जनसहभागिता विस्तार गर्ने हेतुले २०७९ साल भाद्र ९ गतेबाँडि कम्पनी ऐन,२०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई व्यापारबार संचालन गर्दै रहेको छ ।

२. यस कम्पनीमा श्री रोबर्ट इनर्जी लि. र श्री आदीशक्ति विद्युत विकास कम्पनी लिमिटेड गाभिई मिति २०७५ माघ २८ गतेबाट माउण्टेन इनर्जी नेपाल लिमिटेडको नामबाट संचालन भई आएको छ ।

३. हाल यस कम्पनीमा ५७२ जना स्थायिपक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

४. यस कम्पनीले पुनाकोट जिल्लाको सुन्दरादेवी गाविस स्थित तादी खोला (थप्रेक) जलविद्युत आयोजनाबाट ५ मेगावाट जलविद्युत उत्पादन गर्ने र म्याग्दी जिल्लाको नारच्याङ्ग गाविस स्थित मिस्ट्री खोला जलविद्युत आयोजनाबाट ४२ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट क्रमशः मिति २०६८/०८/१३ र मिति २०६८/०७/२३ गतेका दिन प्राप्त गरेको छ ।

- कम्पनी र पाविकरणबीच बीस मिति २०६७/१०/२० मा मिस्ट्री खोला जलविद्युत आयोजनाको ४२ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु नभुँर्पर्ने मिति (RCOD) २०७३ जेठ ३ गते रहेको थियो । उक्त्तो पहिलो संशोधन मिति २०७३/०१/१५ गते सम्पन्न भई RCOD मिति २०७६ साल पौष ५४ गतेसम्म भएकोमा मिति २०७६/०८/०७ गते बसेको संशोधन भई RCOD मिति २०९९ डिसेम्बर ३१ अर्थात २०७६/०९/१५ गते कायम भएको र पाँचौ संशोधन मिति २०७६/१०/१२ गते सम्पन्न भई RCOD मिति २०२० मार्च ३१ अर्थात २०७६/१२/१८ गते कायम भएको छ ।
- कम्पनी र प्राधिकरण बीच मिति २०६४/१२/०५ मा तादी खोला (थप्रेक) को खरिद बिक्री सम्झौता भई RCOD २०७८ जेष्ठ २४ गते रहेकोमा यस आयोजनाको विद्युत खरिद बिक्रि सम्बन्धीको पहिलो संशोधन मिति २०६८/०४/१